annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २५६ पृष्ठ १० | काठमाडौं, सोमबार ७ माघ २०८१ | मार्ग कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४५ | MONDAY, JANUARY 20, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## सुरुङमार्गले छिचोलिँदै पहाडहरू

पहिलोपटक प्रधानमन्त्री हुँदा केपी शर्मा ओलीले पहाड फोरेर सुरुङमार्ग बनाउने योजना सुनाउँदा धेरैले मजाक ठाने। सुरुङमार्ग सँगै रेल पनि कुदाउने उनै ओलीको सपनाले अहिले साकार रूप लिँदै गएको छ। सुरुङमार्ग त देशभर दर्जनभन्दा बढी बन्ने भएका छन्। धादिङमा निर्माणाधीन नागढुंगा सुरुङमार्ग र बुटवल पाल्पा सिमानामा निर्माणाधीन सिद्धबाबा सुरुङमार्गको निर्माण तीव्र गतिमा भइरहेका छन्।




समाचार पृष्ठ २

केशरराज क्षेत्री | बुटवल – को रिपोर्ट

पाल्पाको सिद्धबाबा सुरुङमार्ग। ● केशरराज क्षेत्री

## मुलुकको ऋण भार २५ खर्ब नाघ्यो




**ममता थापा** | *काठमाडौं*

सरकारले मुलुकभित्र र बाह्य देशबाट लिएको ऋणको भार बढ्दै गएको छ। पछिल्लो समय आन्तरिक र बाह्य गरेर सार्वजनिक ऋणको आकार २५ खर्ब ३६ अर्ब १३ करोड रुपैयाँ पुगेको छ। जुन मुलुकको चालु आर्थिक वर्षको कुल बजेटभन्दा ६ खर्ब ७५ अर्ब ८३ करोड रुपैयाँले बढी छ। सरकारले आर्थिक वर्ष २०८१/८२ मा कुल बजेट १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख रुपैयाँ विनियोजन गरेको छ।

अर्थ मन्त्रालयले आइतबार पत्रकार सम्मेलन गर्दै सार्वजनिक गरेको तथ्यांकमा मुलुकको दायित्व बढ्दै गएको उल्लेख छ। मुलुकको कुल ऋणमा आन्तरिकभन्दा तिर्नुपर्ने बाह्य (विदेशी) ऋणको हिस्सा अधिक छ। कुल तिर्न बाँकी ऋण दायित्वमा आन्तरिक ऋण दायित्व १२ खर्ब ३४ अर्ब ७१ करोड रुपैयाँ रहेकोमा विदेशी ऋण भने दायित्व १३ खर्ब १ अर्ब ४२ करोड रुपैयाँ पुगेको छ। जसमध्ये चालु आर्थिक वर्षको साउनदेखि पुससम्म ५९ अर्ब ३ करोड ३० लाख रुपैयाँ सरकारले थप विदेशी ऋण लियो। तर, यसबीच करिब ११ अर्ब ६२ करोड रुपैयाँ विनियम दरका कारण बाह्य ऋण भार बढेको हो। यसबीच सरकारले लिएको वैदेशिक ऋणमा विनियम दर बढ्दा नोक्सानी अधिक व्यहोर्नु परेकाले समग्रमा बाह्य ऋणको दायित्व बढेको देखिन्छ।

सरकारले यस्तो ऋण अमेरिकी डलरमा नभई एसडीआर (अन्तर्राष्ट्रिय मुद्रा कोषले तयार पारेको मुद्रा) मा ऋण लिने गरेको छ। कुल वाह्य ऋणमा करिब ७५ प्रतिशत यस्तो मुद्रामा ऋण लिँदै आएको छ। यसको विनिमय दरको भार पनि बढ्दै गएको छ। यसपछि सरकारले आन्तरिक ऋणको आकार पनि बढाउँदै गएको छ। जसले गर्दा सरकारले १२ खर्ब ३४ अर्ब ७१ करोड रुपैयाँ आन्तरिक ऋण तिर्न बाँकी छ। यद्यपि सरकारले ऋण लिएसँगै विस्तारै पुराना ऋण भुक्तानी पनि गरिरहेको छ। चालु आवको ६ महिनामा मात्रै सरकारले १ खर्ब ४९ अर्ब ६७ करोड रुपैयाँ ऋण (साँवा तथा ब्याज) तिरेको छ।

» विस्तृत पृष्ठ ७

## ‘अब त मेरो निर्दोष छोराको रिहाइ होला कि ?’

**महादेव अवस्थी** | *महेन्द्रनगर*

बिहान उठ्ने बेलादेखि राति अबेरसम्म हमास र इजरायल युद्धको समाचार हेर्दै दैनिकी बित्ने गरेको १५ महिना भयो। जबजब हमास र इजरायलबीचको युद्धविराम हुने खबर आउँथ्यो विपिनको आमा-बुवाको मलिन अनुहारमा ‘खुसी’ का रेखा पर्थे। तर, त्यो खुसी धेरै टिक्दैन फेरि खबर आउँथ्यो तत्काल विपिन रिहा नहुने। यसरी आसै आसमा विपिनको प्रतीक्षामा बसेको डेढ वर्ष बितिसक्यो।

पल-पलमा विपिनको सम्झनाले उनीहरूलाई विरक्त बनाउँछ। शुक्रबार पुन: एउटा खबर आयो हमास र इजरायलबीचको युद्धविराम हुने र हमासले सबै बन्दी रिहा गर्ने। उनको परिवारमा फेरि ‘खुसी’ छायो तर त्यो खुसी धेरै टिकेन। खबर आयो पहिलो चरणमा रिहाइ हुनेको लिस्टमा विपिनको नाम छैन। पहिलो चरणमै विपिनको रिहाइ हुने आशामा बसेका विपिनका आमा-बुवा अहिले निराश छन्। एउटै कामना गरिरहेका छन् विपिनको छिटो रिहाइ होस्।

‘युद्धविराम हुने खबरले खुसी महसुस भयो। धेरै सुखी त हुन सकेकी छैन। जब मेरो छोराको मुख अगाडि देखिन्छ खुसी त त्यसपछि हुन्छु’,



**कञ्चनपुरको भीमदत्त नगरपालिका–३ भासीस्थित आफ्नै निवासमा मोबाइलमा समाचार हेर्दै बसेका विपिनका आमा पद्मा र बहिनी पुष्पा जोशी।** ● महादेव अवस्थी

मलिन अनुहारमा विपिनकी आमा पद्माले भनिन्, ‘युद्धविराम भएपछि विपिन पहिलो चरणमै छुट्लान् भन्ने आशा थियो तर भएन। मेरो निर्दोष छोरा १५ महिनादेखि बन्धक छ।’ उनले पहिले पनि युद्धविराम भएको सम्झिँदै विपिन रिहाइ हुने आशा नटुटेको बताइन्। ‘यसअघि पनि युद्धविराम भए छोरा रिहाइ होला भनेर हामी कुरेर बसिराखेका थियौं, अहिले पनि युद्धविराम भएको छ। अब त मेरो निर्दोष छोराको रिहाइ होला कि ?।’ पद्माले भनिन्, ‘पहिलो चरणमा त विपिनको नाम समावेश छैन भन्ने सुनें। हाम्रो सरकारको पहल पुगेन कि ?’

युद्धविराम भए पनि विपिनको आमा-बुवाको मनमा फेरि युद्ध हुने हो कि भन्ने पीर छ। त्यसकारण पनि पहिलो चरणमा नै विपिनको रिहाइ होस् भन्ने आशा परिवारको थियो। अहिले उनको परिवारले नेपाल सरकारको तर्फबाट पहल पुगेन कि भन्ने शंका गर्न थालेका छन्। ‘युद्धविराम हुन्छ फेरि युद्ध भइहाल्छ अझै पनि हाम्रो मनमा त्यही डर छ कतै फेरि युद्ध त हुने होइन’, आमा पद्माले भनिन्,‘जसरी हुन्छ अहिलेको युद्धविराममा मेरो निर्दोष छोरोको सकुशल नेपाल फर्किने गरी सरकारले पहल गरिदिनुपर्‍यो।’ सुदूरपश्चिम विश्वविद्यालयको कृषि संकायमा अध्ययनरत ४९ जना विद्यार्थी लर्न एन्ड अर्न कार्यक्रमअन्तर्गत इजरायल गएका थिए। उनीहरू गएको एक महिना पनि नपुग्दै इजरायलको दक्षिणी क्षेत्रस्थित अलिमुम किबुजमा हमास समूहले आक्रमण गरेको थियो। आक्रमणमा १० विद्यार्थीको मृत्यु भएको थियो भने विपिन जोशीलाई हमास समूहले नियन्त्रणमा लिएको थियो। त्यति बेलादेखि उनको अवस्था अज्ञात छ।

» बाँकी पृष्ठ ६

## राष्ट्रिय परिचयपत्र विवाद : सर्वोच्चद्वारा रिट खारेज

**काठमाडौं** (अन्नपूर्ण) : सर्वोच्च अदालतले राष्ट्रिय परिचयपत्र विवादसम्बन्धी रिट खारेज भएको फैसला सुनाएको छ। प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहित न्यायाधीशद्वय अब्दुल अजित मुसलमान र नृपध्वज निरौलाको पूर्ण इजलासले रिट खारेज गर्ने निर्णय सुनाएको हो। केही विषयमा भने सर्वोच्चले निर्देशनात्मक र कानुनबमोजिम गर्नु भन्ने आदेश जारी गरेको छ।

अधिवक्ता रामबहादुर राउतसहितले राष्ट्रिय परिचयपत्र सबै क्षेत्रमा लागू हुन नसक्ने भन्दै सर्वोच्चमा रिट दिएका थिए। सो रिटमाथि सुनुवाइ गर्दै प्रधानन्यायाधीशसहित सम्मिलित इजलासले यस्तो फैसला सुनाएको हो। योसँगै सार्वजनिक सेवा लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्न सरकारलाई बाटो खुलेको छ।

२०८१ जेठ २४ गते बसेको मन्त्रिपरिषद् बैठकले चरण/ चरण गरेर देशैभर सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेको थियो।

## सरकारको बजेट नपाएर अलपत्र ललितपुरको गणेशमान पार्क

**सुनिता कार्की** | *काठमाडौं*

नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहको पूर्ण कदको सालिकसहितको पार्क बनाउने योजना २०६५ सालमा अघि सर्‍यो। ललितपुरको महालक्ष्मी नगरपालिका-९ लामाटारमा १० फिटको गणेशमानको उक्त पूर्ण कदको सालिकसहितको पार्क, पिकनिकस्थल, पोखरी, भ्युटावर, वृक्षरोपण गरी धेरै रूख लगाउने गुरुयोजना बनाइयो। विस्तृत आयोजना प्रतिवेदनसमेत तयार गरी करिब ७ करोड लागतमा त्यहाँ गणेशमान सिंह पार्क बनाउने योजना थियो। सोही योजनाअनुरूप २०६६ सालमा पार्कको शिलान्यास भयो। सो वर्ष त्यहाँको स्थानीय क्लबले भोगचलन गरिरहेको ४० रोपनी जग्गा भोगाधिकारसहित हस्तान्तरण गर्‍यो।

त्यहाँको आर्थिक र सामाजिक विकासका लागि यो पार्कले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ भनेर स्थानीय निकायले भोगाधिकार गरिरहेको पार्कलाई हस्तान्तरण गरे, तर उनीहरूले देखेको सपना अझै साकार हुन सकेको छैन। शिलान्यास भएको १५ वर्षसम्ममा पनि पार्क उद्घाटन हुन सकेको छैन। शिलान्यासपछि वर्षौंसम्म पनि सरकारको बजेटमा



**ललितपुरको लामाटारमा १० फिटको गणेशमानको पूर्ण कदको सालिकसहितको पार्क।** ● दिपेन श्रेष्ठ

पार्क निर्माणको खर्च नपरेपछि निर्माणमा ढिलाइ भएको गणेशमान सिंह शान्ति प्रतिष्ठान नेपालका अध्यक्ष रामकृष्ण चित्रकार बताउँछन्। यस बीचमा कांग्रेस नेतृत्वमा धेरै पटक सरकार बने, तर यो पार्कले पूर्णता भने पाउन सकेन। राजनीतिक आग्रह र पूर्वाग्रहका कारण करिब १० वर्षसम्म पार्क निर्माणका लागि बजेट नपरेको उनको भनाइ छ। पर्यटकका लागि प्राकृतिक गन्तव्य, शान्तिको सन्देश दिने र सर्वमान्य नेता सिंहको राष्ट्रप्रतिको योगदानको सम्मानमा यो पार्क निर्माणको परिकल्पना गरिएको परिकल्पनाकारसमेत रहेका प्रतिष्ठानका अध्यक्ष चित्रकार सुनाउँछन्।

करिब २ हजार २ सय ५० मिटरको उचाइमा निर्माणाधीन यो पार्क भएको स्थानलाई रिसाल डाँडा पनि भनिन्छ। काठमाडौंको कोलाहलबाट केही पर प्रकृतिको काखमा यो पार्क निर्माण भइरहेको छ। सालिक राखिएको स्थानबाट काठमाडौं उपत्यकासँगै नजिकका हिमशृंखलाको पनि आनन्द लिन सकिन्छ। पार्क निर्माण भइरहेको वरपर होटल तथा रिसोर्ट केही बन्दै र केही सञ्चालनमा आइसकेका छन्। तर, पार्कको औपचारिक उद्घाटन हुन नसक्दा पर्यटकको चाप खासै बढ्न नसकेको स्थानीयको गुनासो छ।

पार्कसँगै निर्माणाधीन लाकुरी भ्यु प्वाइन्ट रिसोर्ट सञ्चालक टी.बी कार्की पार्क उद्घाटन नहुँदा यहाँको विकासले पनि गति लिन नसकेको बताउँछन्। ‘पार्कसम्म पुग्ने सडक साँघुरो छ। यसले सवारीसाधनलाई आहोरोदोहोरमा समस्या भएको छ’, उनी सुनाउँछन्। यो पार्कको परिकल्पना पर्यटकहरूलाई काठमाडौं नजिकै राम्रो गन्तव्य दिने भन्ने थियो। पार्क स्थापना गर्दै गर्दा मुलुकमा राजनीतिक वातावरण र परिस्थिति कठिन अवस्थामा थियो। माओवादी द्वन्द्वका कारण धेरै संरचनाहरू ध्वस्त भएका थिए।

» बाँकी पृष्ठ ५